


# ६ अभिमान तथा अहङ्कारबाट उत्पन्न विनाश

*<u>यस अध्यायका मूल पदहरू</u>*: दानिएल ५, प्रकाश १७:४-६, भजन ९६:५, कलस्सी १:१५-१७, रोमी १:१६-३२, उपदेशक ८:११ र प्रकाश १४:८।

*<u>यस अध्यायको मूल सार पद</u>*: "उहाँले नै समय र ऋतुहरू परिवर्तन गर्नुहुन्छ; उहाँले नै राजा वा शासकहरूलाई सिंहासनमा राख्नुहुन्छ र हटाउनुहुन्छ; उहाँले नै बुद्धिमानीलाई बुद्धि दिनुहुन्छ र समझदारहरूलाई ज्ञान वा समझ दिनुहुन्छ।" (दानिएल २:२१ रूपान्तरित)।

मानिसले आफूलाई कति न ठूलो हुँ भनेर आफ्ना उपलब्धिहरू (वा आविष्कारहरू) अति महान् छन् भनेर घमण्ड गरेपनि वा हुँकार देखाएतापनि त्यसको अन्त्य कति नाटकीय रूपमा हुन सक्दो रहेछ भन्ने प्रभावकारी उदाहरण परमेश्वरको वचनले दानिएल ५ मा औंल्याएको पाइन्छ। राजा नबूकदनेसरलाई यो पाठ सिक्न धेरै वर्ष लागेतापनि उनका नाति बेलशजरले भने सिकेका थिएनन्। यरुशलेमबाट लुटेर ल्याएको परमेश्वरको सम्पति पवित्र भाँडाकुँडाहरूलाई आफ्नो दरवारीय शोखको निम्ति अपवित्र र परमेश्वरको बेइज्जत हुने गरि रात्री भोजमा चलाएका थिए। परमेश्वरको नाउँमा समर्पित भाँडाकुँडाहरूको दुरुपयोग वा अपवित्र कामको निम्ति चलाएर राजाले परमेश्वरलाई चुनौतिमात्र होइन उहाँलाई आक्रमण नै गरेको ठहरिएको थियो। दानिएल ८ अध्यायमा लेखिएको सानो सिंङको पापको ज्यादती कस्तो थियो त्यस्तै राजा बेलशजरले पनि आफ्नो पापको कचौरा भराएर पोखाएका थिए। यसले परमेश्वरको पवित्र मन्दिरको जगमाथि नै हमला गरेको थियो। परमेश्वरले बेलशजरलाई उनको राज्य सिंहासनबाट हटाउनुभएको घट्नालाई भविष्यको सूचकको रूपमा लिनुपर्छ। जसरी राजालाई उनको रजाईंबाट परमेश्वरले हुत्याउनुभयो त्यसरी नै अन्तिम युगमा उहाँका शत्रुहरू वा उहाँका

विरोधीहरू पनि हुत्याइनेछन्। राजा बेलशजरलाई सत्ताच्यूत गरेको मिति ई.पू ५३८को रातमा थियो जुन दानिएल ५मा वर्णन गरिएको छ। त्यस रात माडि-फारिसी वा मिडपर्सियाको सैनिकले बेबिलोन साम्राज्यको पतन गराएको थियो। दानिएल २ मा भविष्यवाणी गरे अनुसार त्यस बेला सुनौलो बेबिलोनको साम्राज्य चाँदीरूपी अर्को साम्राज्यको हातमा सारिएको थियो। यस संसारको मामिला परमेश्वरको हातमा छ भन्ने प्रमाण त्यस घट्नाले पनि स्पष्ट पार्दछ।

## १. बेलशजरको भोज

बेलशजरले कस्तो नराम्रो काम गरिरहेका थिए? उनको वास्तविक चरित्रलाई कसरी चित्रण गरिएको छ? त्यसको बारेमा लेखिएको दानिएल ५:१-४सँग दानिएल १:१ पढ्नुहोस्। उनको कामसँग प्रकाश १७:४-६ पनि तुलना गर्नुहोस्। त्यहाँ के समान घट्नाहरू घटेको पाइन्छ? हेर्नुहोस्: दानिएल ५:१-४ “१ एक रात बेलसजर राजाले एक हजार उच्च कुलका शासकहरूलाई एउटा ठूलो भोजमा निम्त्याए र तिनीहरूले एकसाथ बसी मद्यपान गरे। २ त्यसरी पिइरहेका बेला बेलसजरले आफ्ना बुबा नबूकदनेसरले यरूशलेमको मन्दिरबाट ल्याएका सुन र चाँदीका कचौराहरू र बटुकाहरू ल्याउने आज्ञा गरे। आफू र शासकहरू अनि आफ्ना पत्नीहरू र रखौटीहरूले मद्य पिउनको निम्ति उनले ती कचौराहरू र बटुकाहरू ल्याउने आज्ञा गरेका थिए। ३-४ सुनका कचौराहरू र बटुकाहरू ल्याइए र तीबाट सबैले दाखमद्य पिउँदै सुन, चाँदी, काँसा, फलाम, काठ र ढुङ्गाले बनेका देवताहरूको प्रशंसा गरे।", दानिएल १:१,२ “यहोयाकीम यहूदाका राजा भएको तेस्रो वर्षमा बेबिलोनियाका राजा नबूकदनेसरले यरूशलेममाथि हमला गरे र सहरमा घेरा हाले। २ उनलाई परमप्रभुले यहोयाकीम राजालाई पक्रन र मन्दिरका केही भाँडाकुँडा जफत गर्न दिनुभयो। उनले केही कैदीहरू अनि मन्दिरबाट लुटेका सामानहरू बेबिलोनमा लगेर आफ्ना देवताहरूको मन्दिरका भण्डारहरूमा राखे।" र प्रकाश १७:४-६ “४ त्यस स्त्रीले बैजनी र रातो चहकिलो पोशाक लाएकी थिई र सुन, बहुमूल्य मणि र मोतीहरूका गहनाहरूले जिउभरि सिँगारिएकी थिई। त्यसले हातमा सुनको एउटा बटुका समाइरहेकी थिई। त्यो बटुकाचाहिँ त्यसको व्यभिचारका अनेक फोहोर र घिनलाग्दा कुराले भरिएको थियो। ५ एउटा गुप्त अर्थ भएको नाउँ त्यसको निधारमा लेखिएको थियो, "महा-बेबिलोन, संसारका सबै वेश्या र घिनलाग्दा काम गर्नेहरूकी आमा! " ६ परमेश्वरका भक्त र येशूका विश्वासी

साक्षीहरूका रगत पिएर त्यो स्त्री मातेकी थिई। त्यसलाई देखेर म छक्क परें।"

यरुशलेममा परमेश्वरको मन्दिरमा अर्पण गरिएका लुटिएका भाँडाकुँडाहरू भोजमा ल्याउन राजाले उर्दी जारी गरे। तिनीहरूले रक्सी खानका लागि ती भाँडाहरू प्रयोग गर्न चाहेका थिए। उनको हजुरबुबा नबूकदनेसरले ती पवित्र भाँडाहरू ल्याएर आफ्नो देशको मन्दिरमा राखेका थिए। उनले कमसेकम ती भाँडाहरू पवित्र हुन् भन्ने मान्यता दिएका थिए। तर बेलशजरले त पवित्र भाँडाहरूलाई नै बिटुलो हुने गरि जथाभावी प्रयोग गरेका थिए। परमेश्वरको पवित्रतालाई उनले चुनौति नै दिएका थिए।

ती पवित्र भाँडा वा कचौराहरूबाट रक्सी पिउँदै बेलशजरले सुन चाँदी, काँच, फलाम, काठ र ढुङ्गाका देवी देवताहरूको प्रशंसा गरेका थिए (दानिएल ५:४)। जुन क्रममा ती छ पदार्थहरूको उल्लेख गरियो ती अर्थपूर्ण छन्। बेबिलोनीहरू साठ्ठी नम्बर प्रयोग गरि गन्ती सुरू गर्थे।त्यसको बिपरीत अहिले डेसिमल प्रणाली छ जुन १० नम्बरलई आधार मानेर गन्ती सुरू हुन्छ। जुन छ पदार्थहरूबाट बनिएका देवी र देवाताहरूको उल्लेख गरिएको थियो त्यसले बेबिलोन देशका देवीदेवताहरूको पूर्णतालाई देखाउँथ्यो (नेपालमा ३३ कोटी देवताहरू भने जस्तै)। बेबिलोन धर्म प्रणालीको पूर्णताले ती छ वर्गमा उल्लेख गरिएका देवीदेवताहरूलाई देखाउँदछ। यो पुरा पनि चाखलाग्दो छ कि जुन रुपमा ती पदार्थहरूको क्रम उल्लेख गरिएको थियो त्यही क्रममा राजा नबूकदनेसरले देखेको सपनाको मूर्तीका धातुहरू थिए। अन्तिम पदार्थ चाहिँ माटो नभएर काठ थियो। सपनामा चट्टान अन्तिम पदार्थ जसले मूर्तिलाई ढालेको थियो तर बेलशजरको विवरणमा देवता भनेर उल्लेख गरिएको पाइन्छ। बाइबलमा चट्टानको अर्थले विश्व राष्ट्रहरूमा गरिने परमेश्वरको न्यायलाई जनाउँछ (दानिएल २:४४,४५)। परमेश्वरले बेबिलोनमा गर्नुभएको न्यायको प्रतीक त्यो मूर्तिलाई पत्थरद्वारा ढालिएको थियो।

जुन भोज बेलशजर राजाले बेबिलोनमा मनाए त्यो घट्नाले प्रकाशको पुस्तकमा उल्लेख गरिएको युगको अन्तको बेबिलोनलाई सहीरूपमा देखाउँछ। बेलशजरले जस्तै अन्तिम युगकी बेबिलोनीरुपी स्त्रीले सुनको कचौरा लिएर त्यसमा भएको प्रदुषित पेय पदार्थ विश्वको राष्ट्रहरूलाई पिलाउँछे। अर्को अर्थमा सनातन सृष्टिकर्ता परम प्रभु परमेश्वरको उपासना नगरि त्यस स्त्रीले मानिसहरूलाई आफ्नै झुठा दर्शन र विद्याले मुग्ध पारेर विकृत उपासना गर्न लगाउँछे र त्यसको फलस्वरुप संसारलाई अनेकौं दुष्ट तथा खराब संस्कारमा

डुबाउँछे (प्रकाश १७:४-६)। अनि परमेश्वरको आक्रोसमा उहाँको न्याय त्यस स्त्रीरूपी धार्मिक, सामाजिक ,मानसिक र राजनैतिक संरचनाले बेह्रिएको यो पृथ्वीमा खनिनेछ। एक दिन यो पृथ्वीको न्याय हुने सुनिश्चित छ।

बर्तमान युगमा हाम्रो सभ्यता, संस्कार, सस्कृति र रहनसहनले परमेश्वरको वचनलाई कसरी हेपिरहेको छ वा विकृत बनाइरहेको छ? बाइबलसम्मत नीतिलाई त्यागेर संस्कार वा सस्कृति वा देशको रहनसहन यस्तै हो भनेर सम्झौता नगर्न हामी कसरी सजग हुने?

## २. निमन्त्रणा नगरिएको पाहुना

दानिएल ५:५-८ पढ्नुहोस्। त्यहाँ के भएको थियो र राजा किन अत्तालिए? त्यहाँ जे भयो सो कुरा दानिएल २सँग कसरी मिल्छ? दुवै कथाहरूमा भएका समानताहरू किन महत्त्वपूर्ण छन्? यसै सन्दर्भमा भजन ९६:५ र कलस्सी १:१५-१७ पनि पढ्नुहोस्। पहिले हेर्नुहोस् दानिएल ५:५-८ " ५ अचानक राजदरबारमा भएको पानसको नजिक एक मानव हातका औंलाहरू देखा परे र लिपिएको भित्तामा लेख्न लागे। त्यो लेख्दैगरेको हात राजाले हेरे। ६ उनको अनुहार पहेंलो भयो, र उनी यति डराए कि उनका घुँड़ाहरू कामेर ठोकिन थाले र गोड़ाहरू लल्याकलुलुक भए। ७ राजाले मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेहरूलाई बोलाउन लगाए र बेबिलोनका यी ज्ञानी पुरुषहरूलाई भने, 'जसले यो लेख पढ्छ र यसको अर्थ मलाई बताइदिन्छ, त्यसलाई बैजनी पोशाक पहिराइनेछ र त्यसको गलामा सुनको सिक्री लगाइनेछ र त्यसलाई राज्यको तेस्रो उच्च शासक बनाइनेछ।' ८ तब राजाका सबै ज्ञानी पुरुषहरू आए, तर उनीहरूले यो लेख पढ्न वा त्यसको अर्थ राजालाई बताउन सकेनन्।" (भजन ९६:५ " किनकि जाति-जातिहरूका सबै देवहरू केवल मूर्ति मात्र हुन्, तर परमप्रभुले त स्वर्ग सृष्टि गर्नुभयो।" र कलस्सी १:१५-१७ " १५ उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, १६ किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। १७ उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्")।

उनको बाजे नबूकदनेसरले सङ्कटमा पर्दा जे गरे (दानिएल २:२,४:७) त्यही काम बेलसेजारले पनि गरे। भित्तामा अलौकिक हातले लेखेको रहस्यमय

लेख पढ्नलाई उनले ज्योतिषीहरू, कल्दी वा बेबिलोनका विद्वानहरू, तन्त्रमन्त्र गर्ने र भविष्यवाणी गर्नेहरूलाई दरवारमा बोलाए। यदि तिनीहरूले त्यो लेख स्पष्टसँग पढ्न सकेको खण्डमा तिनीहरूलाई यसरी ठूलो सम्मान र इनाम दिइनेछ भनेर प्रतिज्ञा गरेः (१) बैजनी पोशाक लगाइदिइनेछ। यो पोशाक पौराणिक कालमा राजामहाराजाहरूले लगाउँथ्यो (एस्थर ८:१५) (२) सुनको सिक्रीको माला लगाइदिइनेछ। त्यसको अर्थ उसलाई समाजको उच्च सम्मान दिइनेछ (उत्पत्ति ४१:४२) र (३) आफ्नो राज्यको तेस्रो शासक बनाइनेछ। यस्तो खालको इनाम बेबिलोनमा चलेको थियो भनेर त्यस देशको इतिहासले बताउँछ। बेलशजरको बुबाले राजा नाबोनिदससँग दोस्रो शासक भएर बेबिलोनमा राज्य गरेका थिए। रहस्यमय लेख पढ्न सक्नेलाई बेबिलोनको तेस्रो शासक बनाइदिने भन्नुको अर्थ आफूभन्दा दोस्रो शक्तिशाली स्थानमा नियुक्त गरिने वचन राजा बेलशेजारले दिएका थिए। तर अनेकौं लोभलाग्दा इनामहरूको घोषणा गरिएको भएतापनि बेबिलोनका ती ज्ञानी मानिसहरू रहस्यमय लेख पढ्न असफल भए।

राजाले गरेका सबै पापहरूमध्ये सबभन्दा ठूलो पाप यो थियो कि उनले गलत स्रोतबाट **त्यो** ज्ञानबुद्धिको अपेक्षा गरेका थिए। बेबिलोनका विशेषज्ञहरूले भित्तामा लेखिएको लेख पढ्न र त्यसको अर्थ बताउन सकेनन्। अचम्मको कुरो त यो थियो कि त्यहाँ लेखिएको भाषा तिनीहरूको आफ्नै आरामिक भाषा थियो। त्यहाँ लेखिएका लवजहरू तिनीहरूको निम्ति अर्थहीन थिए। यशैयामार्फत परमेश्वरले बोल्नुभएको कुराले हामीलाई याद दिलाउँछः "बुद्धिमान् मानिसहरूका ज्ञानबुद्धि नाश हुनेछन्, र जतिसुकै चिन्तक वा विद्वान् भनेर दावी गरेतापनि तिनीहरूको समझशक्तिलाई लुकाइनेछ" (यशैया २९:१४ रूपान्तरित)। यो पदलाई उद्धृत गर्दै पावल भन्दछन् "बुद्धिमानी मानिस खोइ? धर्मशास्त्रका पण्डित वा शास्त्रीहरू खोइ? यस युगको बारेमा बादबिवाद गर्नेहरू खोइ? यस संसारका ज्ञानबुद्धिलाई परमेश्वरले मूर्ख बनाउनुभएन त? यस संसारका ज्ञानबुद्धिले परमेश्वरलाई चिन्न नसकेकोले विश्वासद्वारा मुक्ति पाउनेहरूको निम्ति मानिसहरूले मूर्ख ठानेका सन्देश परमेश्वरको आफ्नै बुद्धिद्वारा प्रचार गरियो" (१ कोरन्थी १:२०,२१ रूपान्तरित)।

कतिपय सत्यहरू अत्यन्तै महत्त्वपूर्ण भएकोले ती सत्यका भेदहरू खोल्ने अधिकार सर्वसाधारण मानिसहरूलाई दिइएको छैन (वा सत्य थाहा पाउन तिनीहरू योग्य थिएनन्?-अनुवादकको टिप्पणी)। परमेश्वरले हामी

एडभेन्टिस्टहरूलाई धेरै सत्यज्ञानहरू दिनुभएको छ। त्यसलाई हामी के गर्ने सो हाम्रो हातमा सुम्पिएको छ।

**बेबिलोनका बुद्धिमानी मानिसहरूलाई दिइने इनामको बारेमा सोच्नुहोस्। त्यो इनाम पाइसकेपछि ती इनामहरू कस्ता बेकारका हुनेरहेछन् भन्ने कुरा सोच्नुहोस्। यस संसारमा पाइने सम्मान इज्जत आदि कति क्षणिक हुन्छन् भनेर त्यस कथाले हामीलाई कसरी देखाउन खोजेको छ? हामीले यस संसारमा जे गरेपनि अनन्त जीवनलाई लक्षित गरेर गर्नुपर्छ भन्ने कुरा हाम्रो दिमागमा राखि रहन किन जरुरी छ?**

## ३. महारानीको प्रवेश

**बेबिलोनी साम्राज्यका कुनै पनि वुद्धिजीवि भनाउँदाहरूले तिनीहरूकै भाषामा भित्तामा लेखिएको वाक्य पढ्न नसक्दा राजा अत्तालिरहेका थिए त्यसैबेला रानीको प्रवेश हुन्छ। उनले राजालाई र दानिएललाई के भनिन् जसको बारेमा उनले थाहा पाउनैपर्ने थियो? दानिएलको अस्तित्वप्रति राजा अनभिज्ञ वा अन्जान भए झैं आभास त्यो दृष्यले कसरी दिन्छ? हेर्नुहोस् दानिएल ५:८-१२ "८ तब राजाका सबै ज्ञानी पुरुषहरू आए, तर उनीहरूले यो लेख पढ्न वा त्यसको अर्थ राजालाई बताउन सकेनन्। ९ यसकारण राजा बेलसजर अझ भयभीत भए र उनको अनुहार अझ पहेंलो हुँदैगयो। उनका भारदारहरू अलमल्ल परे। १० राजा र उनका भारदारहरूका स्वर सुनेर रानी भोजको कोठामा आइन् र तिनले भनिन्, "महाराजा अमर रहून्! नआत्तिनुहोस्। यस्तो पहेंलो अनुहार नबनाउनुहोस्। ११ तपाईंको राज्यमा एक जना मानिस छन्, जोसँग पवित्र देवताहरूका आत्मा छ। तपाईंका पिताको पालोमा उनमा देवताको जस्तै अन्तर्दृष्टि, ज्ञान र बुद्धि पाइएको थियो। तपाईंका पिता राजा नबूकदनेसरले उनलाई जादूगरहरू, मन्त्रतन्त्र गर्नेहरू, ज्योतिषीहरू र जोखना हेर्नेका प्रमुख नियुक्त गर्नुभएको थियो। १२ यी दानिएल नाउँ गरेका मानिस, जसलाई राजाले बेलतसजर भन्नुहुन्थ्यो, तीव्र मन र ज्ञान र समझ भएका भेट्टाइए र साथै उनले सपनाका अर्थ बताउन, अड्कोहरू फुकाउन र कठिन समस्याहरू हल गर्न पनि सक्थे। दानिएललाई बोलाउनुहोस्, र उनले तपाईंलाई यस लेखको अर्थ बताउनेछन्।"**

कसैले पढ्न र बुझ्न नसक्ने रहस्यमय सन्देश भित्तामा हुँदा भोजभतेर र पेय पदार्थ पिएर नशामा रमाइलो गरिरहेका राजा र उनका भारदार तथा दरवारियाहरू आत्तिइरहेकै बेलामा कोठामा रानी प्रवेश हुन्छ। अन्यौलमा

परिरहेका राजालाई समस्याको समाधानको निम्ति रानीले सल्लाह दिन्छिन्। रानीले उनलाई दानिएलको बारेमा याद दिलाउँछिन्। नबूकदनेसरको समयमा सपनाको अर्थ बताइदिने क्षमता भएका र रहस्यहरू समाधान गर्न सक्ने बरदान भएका दानिएललाई विशेष व्यक्तिको रूपमा रानीले चिनाउँछिन्। यदि बेलशजर उनका अग्रजहरू जस्तै चलाख भएको भए रहस्यमय लेख पढ्न कसको सहायता माग्नुपर्छ भन्ने कुरा उनलाई थाहा हुन्थ्यो। त्यसबेला रानीको हस्तक्षेप आवश्यक थियो किनभने अब के गर्ने भन्ने विषयमा राजालाई केहि थाहा थिएन। यदि बेबिलोन सभ्यताका बुद्धिजीविहरूले भित्तामा लेखिएका अक्षरहरू पढ्न सकेनन् भने अरू कसले पढ्न सक्लान् र भन्दै राजा र सबै भारदारहरू शोकमा परेका थिए। राज्यमा केवल एक जनालेमात्र रहस्यमय वाक्य पढ्न सक्ने र अर्थ बुझाउन सक्ने क्षमता भएका दानिएललाई नबोलाउँदा रानीले राजालाई हप्काए जस्तो देखिन्थ्यो। राजाकोसामु रानीले यसरी दानिएलको प्रशंसा गर्छिन्ः ती अगमवक्तामा पवित्र परमेश्वरको आत्मा छ, उनमा दिव्यज्योति छ र ईश्वरीय बुद्धि छ, उनमा समझशक्ति छ, उनमा अत्यन्तै उत्तम आत्मा छ। उनमा ज्ञान छ। उनमा सपनाहरूको अर्थ खोल्न, अड्चनहरू फुकाउन र रहस्यहरूको वाख्या गर्ने र सबै कुराहरू बुझ्ने क्षमता छ। नबूकदनेसारको समयमा उनी जादुगर, ज्योतिषी, तन्त्रमन्त्र गर्ने र कल्दी अर्थात् बेबिलोनका बुद्धिजीविहरूका मुखिया थिए भनेर रानीले राजा र दरवारियाहरूको सामु दानिएलको मुक्तकण्ठले प्रशंसा गरिन्।

तर राजकीय भोजमा राजाले दानिएललाई किन पन्छाए भन्ने कुरामा हामीलाई अचम्म लाग्न सक्छ। बाइबलमा त्यसको सिधै जवाफ दिइएको छैन। तर राजाको तेस्रो वर्षसम्म राज्यको काममा सेवाकार्यमा लागेपछि (दानिएल ८ः१,२७) उनी सक्रिय नभएका हुनसक्छन्। अर्को कुरो दानिएलको उमेरको कारणले पनि हुनसक्छ। हुनसक्छ उनी ८० वर्षका थिए। पुरानो पुस्तालाई हटाएर नयाँ पुस्तालाई नेतृत्व प्रदान गर्ने राजाको चाहना भएको पनि हुनसक्छ। दानिएलले परमेश्वरलाई विश्वास गर्न नचाहेकोले पनि दानिएललाई वेवास्ता गरिएको हुनसक्छ। तर जे भएतापनि वा जुनसुकै कारणहरू भएतापनि दानिएल जस्तो प्रतिष्ठित, उल्लेखनीय सम्माननीय, आदरणीय तथा प्रख्यात व्यक्तित्व भएका व्यक्तिलाई पनि मानिसहरूले छिट्टै बिर्सन सक्दा रहेछन् भनेर यो कथाले हामीलाई बताउँदछ।

**राजा बेलशजर र उनका दरवारियाहरूलेमात्र होइन आजको संसारमा पनि आफ्नै मोजमज्जा र मपाइँ हुन खोज्ने प्रवृत्तिले गर्दा परमेश्वर र उहाँका**

जनहरूलाई वेवास्ता गर्ने चलन थियो र छ भन्ने कुरा रोमी १:१६-३२ले कसरी बताउँछ? हेर्नुहोस्  "१६ किनकि सुसमाचारसँग म शर्माउँदिनँ। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरूका निम्ति र अन्यजातिहरूका निम्ति पनि। १७ किनकि सुसमाचारमा परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ, त्यो धार्मिकता जोचाहिँ सम्पूर्ण रूपले विश्वासद्वारा नै आउँछ। यस्तो लेखिएको छ, 'धर्मीचाहिँ विश्वासद्वारा नै जिउनेछ।'  १८ परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। १९ परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ। २० उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन। २१ किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। २२ बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, २३ र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे।  २४ यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून्। २५ किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे। २६ यसैकारण परमेश्वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो। तिनीहरूका स्त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, २७ र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रातर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे।  २८ यसरी तिनीहरूले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो। २९ तिनीहरू सबै किसिमका बदमाशी, दुष्टता, लोभ, इबीले भरिएका छन्। तिनीहरू डाह, हत्या, झैंझगड़ा, छल, बदख्वाइँले भरिएका हुन्छन्, र तिनीहरू कुरौटे, ३० र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी,

अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, ३१ मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन्। ३२ यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्।"

## ४. जोख्दा हलुका भेट्टाइनु वा परमेश्वरको अपेक्षा अनुसार नभेट्टाइनु

राजाको पतन छिट्टै हुने कुराको भविष्यवाणी दानिएलले गरेका थिए। त्यसको कारण के थियो त? हेर्नुहोस्ः दानिएल ५:१३-२८ "१३ यसकारण दानिएललाई राजाको सामुन्ने उपस्थित गराइयो अनि राजाले तिनलाई भने, 'के तिमी दानिएल, देशनिकाला गरिएकामध्ये एक हौ, जसलाई राजा, मेरा पिताले यहूदाबाट ल्याउनुभएको थियो? १४ मैले सुने, तिमीमा देवताहरूको आत्मा छ, र तिमी अन्तर्दृष्टि, ज्ञान र बिछट्ट बुद्धि भएका मानिस छौ अरे। १५ ज्ञानी पुरुषहरू र मन्त्रतन्त्र गर्नेहरू यो लेख पढ्न र मलाई यसको अर्थ बताउन मेरो सामु ल्याइए। तर उनीहरूले यो बताउन सकेनन्। १६ अब मैले सुनेको छु कि तिमी अर्थ खोल्न र कठिन समस्याहरू समाधान गर्न सक्छौ। यदि तिमीले यो लेख पढ्न र यसको अर्थ बताउन सक्छौ भने, तिमीलाई बैजनी पोशाक पहिराइनेछ र गलामा सुनको सिक्री लगाइनेछ र राज्यमा तिम्रो स्थान तेस्रो हुनेछ।' १७ तब दानिएलले राजालाई उत्तर दिए, 'हजूरका उपहारहरू हजूर आफै राख्नुहोस् र हजूरका इनामहरू अरू कसैलाई दिनुहोस्। तापनि महाराजाको लागि यो लेखोट पढ़िदिनेछु र यसको अर्थ बताइदिनेछु। १८ हे महाराजा, सर्वोच्च परमेश्वरले हजूरका पिता नबूकदनेसरलाई स्वाधीन राज्य र महानता र महिमा र गौरव दिनुभयो। १९ उहाँले उनलाई उच्च स्थान दिनुभएकोले र प्रत्येक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उनको डर र भय मान्थे। राजाले जसको प्राण लिन चाहन्थे, लिन्थे, जसलाई बाँकी राख्न चाहन्थे, राख्थे, जसलाई पदोन्नति गर्न चाहन्थे, पदोन्नति गर्थे, र जसलाई होच्याउन चाहन्थे, होच्याउँथे। २० तर जब उनको हृदय घमण्डले हठी र कठोर भयो, उनलाई राजगद्दीबाट हटाइयो र उनको महिमा उनीबाट खोसियो। २१ उनलाई मानिसहरूबाट हटाइएर एउटा पशुको मन दिइयो। उनी वनका गधाहरूसँग बस्थे र गाईबस्तुले जस्तै घाँस खान्थे, र उनको शरीर आकाशको शीतले भिज्थ्यो, जबसम्म उनले मानिलिएनन् कि मानिसका राज्यहरूमाथि सर्वोच्च परमेश्वरकै अधिकार छ र उहाँले इच्छा गर्नुभएकालाई त्यो दिनुहुन्छ। २२ तर उनका छोरा, हजूर बेलसजरले यी सबै कुरा जान्दाजान्दै पनि

**आफूलाई नम्र बनाउनुभएन। २३ बरु स्वर्गका परमप्रभुको विरुद्धमा आफैलाई खड़ा गर्नुभएको छ। हजूरले उहाँको मन्दिरबाट भाँड़ाहरू हजूरकहाँ ल्याउन लगाउनुभयो, र हजूर र हजूरका भारदारहरू, हजूरका श्रीमतीहरू र रखौटीहरूले तीबाट दाखमद्य पिउनुभयो। हजूरले चाँदी र सुनका, काँसाका, फलामका, काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गर्नुभयो, जो न देख्छन् न सुन्छन् न बुझ्छन्। तर हजूरले यी परमेश्वरको आदर गर्नुभएन, जसको हातमा हजूरको जीवन र हजूरका मार्गहरू छन्। २४ यसैकारण उहाँले यो लेखोट लेख्ने हात पठाउनुभयो। २५ लेखिएको लेखोट यस्तो छः मेने, मेने, टेकेल, पर्सिन २६ यी शब्दहरूको अर्थ यही होः मेनेः परमेश्वरले हजूरका राज्यका दिन गन्ती गर्नुभएको छ, र त्यसको अन्त गर्नुभएको छ। २७ टेकेलः हजूर तराजूमा जोखिनुभएको छ, र हल्का भेट्टाइनुभएको छ। २८ पेरेसः हजूरको राज्य विभाजन भई मादी र फारसीहरूलाई दिइएको छ।"**

परिवन्धमा परेका राजा दानिएलसँग सल्लाह लिन बाध्य हुन्छन्। तर उनी खुला दिलले नभएर बाध्यतामा परेर दानिएलसँग सल्लाह माग्छन्। दानिएलको परमेश्वरप्रति र दानिएलप्रति उनको धारणा कस्तो थियो भन्ने कुरा यसले पनि देखाउँछ।

यदि भित्तामा लेखिएका शब्दहरू पढेर त्यसको अर्थ खुलाउन सकेभने दानिएललाई धेरै इनाम दिइनेछ भनेर राजाले प्रतिज्ञा गरे। तर त्यो इनाम आफूलाई होइन अरूलाई नै दिइयोस् र ती शब्दहरू पढेर त्यसको अर्थ खुलाउने आफ्नो कर्तव्य कुनै इनामको लोभमा परेर पूरा गर्न लागेको होइन भन्ने दानिएलको वचनले उनको प्राथमिकता र चरित्रको बारेमा धेरै कुरा खुलाउँछ। ती शब्दहरूको अर्थ बुझेर नै राजाको इनाम मूल्यहीन भएको दानिएलले महसुस गरेको हुनुपर्छ।अनि दानिएलले राजाको तीनवटा कमजोर पक्षहरूलाई खुलाउँछन्।

प्रथमत, बेलशजरले नबूकदनेसरको अनुभवलाई पूर्णरूपमा वेवास्ता गरेका थिए। नत्र भने उनको पूर्वज अनुसार उनी नम्र भएर आफ्नो पापको प्रायश्चित गर्ने थिए।

दोस्रो, राजाले परमेश्वरमा समर्पित गरिएका भाँडाहरूलाई दुरुपयोग गरि त्यसबाट जाँडरक्सी खाएर उहाँको खिस्सी उडाए र हातले बनाएका देवीदेवताहरूको प्रशंसा गरे। यहाँ छ थरिका बस्तुहरूबाट देवीदेवताहरू बनाइएको कुराको उनले किटानी गरेः सुन, चाँदी, काँस, फलाम, काठ र पत्थर। यसको क्रमिकताको बारेमा अघि नै व्याख्या गरिसकिएको छ।

तेस्रोमा, राजाले परमेश्वरको महिमा गर्न वेवास्ता गरे। दानिएल स्पष्टरूपमा भन्दछन् "हजुरको सास उहाँको हातमा छ र तपाईंका सबै मार्गहरू उहाँलाई थाहा छ" (दानिएल ५:२३ रूपान्तरित)।

राजाको कमजोर र असफल पक्षलाई सम्बोधन गरेपछि दानिएलले भित्तामा लेखिएका शब्दहरूको बारेमा खुलासा गरे। त्यहाँ तीन शब्दहरू थिए जुन आरामिक भाषाका थिए। त्यसमा लेखिएको पहिलो क्रियापद फेरि दोहोऱ्याइएको छ। आरामिक भाषा जान्ने राजाका धर्मगुरु र बुद्धिजीविहरूले ती शब्दहरू पढेर त्यसको मूल अर्थहरू बुझ्न सक्थे। मेनेः जसको अर्थ हिसाब लिएको, टेकेलः जसको अर्थ जोखिएको वा न्याय गरिएको, र पेरेजः जसको अर्थ विभाजित भएको।

बेबिलोनको पर्खाल वरिपरि घेरिएका मिड-पर्सियाका सैनिकहरूको बारेमा राजाका भारदारहरूलाई थाहा भएकै कारणे भित्तामा लेखिएको कुरो कुनै अर्थपूर्ण भएको तिनीहरूले अनुमान गरेका हुनसक्थे तर रमझममा परिरहेका राजालाई कबाबमा हड्डी नहोस् भनेरै राजालाई ती नराम्रा कुरा भन्न तिनीहरूले साहस गर्न सकिरहेका थिएनन्। तर दानिएलमात्र आँटिला भएर भित्तामा लेखिएको सन्देश पढ्न र त्यसको खास अर्थ राजालाई बुझाउन सक्षम् भएको कुरालाई प्रमाणित गरेका थिए। "मेनेः परमेश्वरले हजुरको राज्यको दिनगिन्ती सुरू गर्नुभएको छ। हजुरको राज्यको अवधि सिद्धियो, टेकेलः हजुर परमेश्वरको तराजुमा जोखिनुभएको छ र हजुर हलुका हुनुभएको छ अर्थात् हजुर उहाँको अपेक्षा अनुसार नचल्नुभएकोले तपाईंको बिरुद्धमा फैसला भएको छ, पेरेसः हजुरको राज्य बिभाजित भएको छ र मिड (मादी) र पर्सियालाई दिइएको छ" (दानिएल ५:२६-२८ रूपान्तरित)।

दानिएलले खुलाएको अर्थ खास गरेर राजालाई सान्त्वना वा खुशी पार्ने खालको थिएन।

**राजाको निम्ति गरिएको फैसला तुरुन्तै कार्यान्वयन हुन्छ। पापी वा दुष्टहरूको न्याय, फैसला र कार्यान्वयन तत्कालै नभएको अवस्थाहरूमा हामीले परमेश्वरमै भरोसा राख्नुपर्ने जरूरी किन छ? हेर्नुहोस्, उपदेशक ३:१७ "मैले आफ्नो मनमा विचार गरें, 'परमेश्वरले धर्मी र दुष्ट दुवैलाई न्यायमा ल्याउनुहुनेछ, किनकि हरेक कार्यको समय हुनेछ, र हरेक कामको समय हुनेछ।", उपदेशक ८:११ "कुनै अपराधको दण्ड तुरुन्तै भएन भने मानिसहरूका हृदयले दुष्ट काम गर्नलाई योजनाहरू बनाउँछन्।", मत्ती १२:३६ "म तिमीहरूलाई भन्दछु, हरेक व्यर्थको कुरा जो मानिसहरू बोल्दछन्,**

न्यायको दिनमा तिनीहरूले त्यसको लेखा दिनुपर्नेछ।" र रोमी १४:१०-१२ "१० तिमी किन आफ्नो भाइको इन्साफ गर्छौ? अथवा तिमी आफ्नो भाइलाई किन तुच्छ ठान्छौ? किनभने हामी सबै परमेश्वरका न्याय-आसनको सामने खड़ा हुनेछौं। ११ किनकि लेखिएको छ, 'प्रभु भन्नुहुन्छ, 'जस्तो म जीवित छु, प्रत्येक घुँड़ा मेरो सामने टेकिनेछ, र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ।' १२ यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं।"

## ५. विश्व सभ्यताको शिखरमा पुगेको बेबिलोन साम्राज्यको पतन

दानिएल ५:२९-३१समेत गरेर देहायका पदहरू पढ्नुहोस्। भौगोलिक राज्य बेबिलोनका राजा बेलशजरको पतनसँगै युगको अन्तमा हुने आत्मिक प्रदुषित बेबिलोनको पतनको बारेमा हामी के सिक्न सक्छौं? हेर्नुहोस्, दानिएल ५:२९-३१ "२९ त्यसपछि बेलसजरको हुकुममा दानिएललाई बैजनी वस्त्र पहिराइयो। तिनको गलामा सुनको सिक्री लगाइयो, र तिनलाई राज्यको तेस्रो सर्वोच्च शासक भनी घोषणा गरियो। ३० त्यही रात बेबिलोनीहरूका राजा बेलसजर मारिए, ३१ अनि मादी राजा दाराले बयसट्ठी वर्षको उमेरमा त्यो राज्य लिए।", प्रकाश १४:८ "८ अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, 'पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।", प्रकाश १६:१९ "त्यो महानगरी तीन भागमा टुक्रा-टुक्रा भयो, र देश-देशका सहरहरू ध्वंस-विध्वंस भए। परमेश्वरलाई महान् बेबिलोनको याद आयो, र उहाँले आफ्नो क्रोधको भयानक मद्यले भरिएको कचौरो त्यसलाई पिउन दिनुभयो।" र प्रकाश १८:२ "२ तिनले यसो भनेर शक्तिशाली सोरले कराए: 'महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ।"

राजा बेलशजरका कमजोरीहरू जे भएपनि उनी आफ्नो वचनमा वचनबद्ध थिए। अत्यन्तै खराब खबर सुनेरपनि दानिएलले दिएको अर्थप्रति सन्तुष्ट भएर राजाले प्रतिज्ञा गरेका उपहारहरू अगमवक्तालाई प्रदान गर्दछन्। दानिएलको सन्देशलाई स्वीकार गरेसँगै राजाले दानिएलका परमेश्वरको वास्तविकतालाई पनि स्वीकार गरेको देखिन आउँछ। यो कुरा पनि रोचक छ कि पहिले दानिएलले अस्वीकार गरेका उपहारहरू पछि स्वीकार गर्दछन् किनकि उनी परमेश्वरको वचन खुलाउन कुनै उपहारले प्रभाव पार्नुहुन्न भन्ने मनशाय राख्दथे। फेरि, उनलाई थाहा थियो कि ती उपहारहरूको अर्थ केही

पनि रहदैन किनकि बेलशजरको राज्य पतन हुनेछ भन्ने कुरा उनलाई थाहा थियो। त्यसकारण शिष्ट भएर नै दानिएलले उपहारहरू ग्रहण गरे। उनलाई थाहा थियो कि अब केहीघन्टामात्र उनी देशको तेस्रो शासक रहनेछन्।

अगमवक्ताले घोषणा गरे जस्तै बेबिलोनको पतन हुन्छ। त्यो पनि अत्यन्तै छिटो हुन्छ। राजा र दरवारियाहरू रक्सीको नशामा भएकैबेला कुनै लडाइँ नै नगरि बेबिलोनको पतन हुन्छ। पौराणिक इतिहासकार हेरोडोटसले बेबिलोनको पतन कसरी भयो भन्ने विषय यसरी लेख्दछन्। बेबिलोन सहरमा जाने युफ्रेटिस नदीलाई पर्सियाका सैनिकहरूले अर्कैतिर फर्काउँछन्। अनि पानी नभएको नदीकै बाटोभएर ती सैनिकहरू सहरमा पस्दछन्। त्यही रात बेलशजर मारिन्छन्। सहर वरिपरिका सहरहरूलाई अर्कै शासकहरूको हातमा उनको पिता राजा नबूकदनेसरले सुम्पिएका थिए। यसरी मानव सभ्यताको स्वर्ण युगमा प्रवेश गरेको अति शक्तिशाली कहलाइएको बेबिलोन राज्य तिनीहरूले नसोचैकै तरिकाले अन्त्य हुन पुग्यो। सुनरूपी राज्य बेबिलोन अब रहेन।

"परमेश्वरको इच्छा जान्न र त्यसको पालना गर्न राजा बेलशजरलाई धेरै अवसरहरू दिइएको थियो। आफ्नो हजुरवुबा नबूकदनेसर मानव सभ्यताबाटै अलग भएको उनले देखेका थिए। परमेश्वरले राजा नबूकदनेसरलाई दिनुभएको बुद्धि र ज्ञान उनको अहंकरिताकै कारण उहाँले नै खोस्नुभएको उनले देखेका थिए। सहरबाट लखेटिएर जन्तु अर्थात जनावरहरूसँग साथी हुनपुगेका राजालाई उनले देखेका थिए। तर रमझम, मोजमज्जा, आफ्नो धाक र रवाफ देखाउन चाहने, आफ्नै मात्र यश खोज्ने र पार्टीमा रमाउन चाहने राजाले कहिल्यै पनि बिर्सनुनहुने पाठ कहिल्यै पनि सिकेनन्। जुन पापहरूले गर्दा नबूकदनेसरको फैसला भयो ती नै पापहरूमा बेलशजर पनि  स्वइच्छाले नै फसे। परमेश्वरको सदाशयतामा उपलब्ध भएका अवसरहरू उनले खेर फाले। उनको पहुँचमा भएको सत्यसँग चिनापर्ची गर्ने अवसरहरूलाई उनले वास्ता गरेनन्।"-एलेन जी ह्वाइट, *बाइबल इको,* अप्रिल २५, १८९८बाट रूपान्तरित।

**सत्य आत्मज्ञानसँग जानपहिचान गर्ने अवसरहरू अहिले हामीमाझ कति छन्? हामी कुनै यस्तो अवस्थामा आइपुग्न सक्छौं कि हामीलाई चाहिने सबै सत्यहरू हामीलाई थाहा भएको होस्।**

**उपसंहार :**

**थप जानकारीः** पौराणिक कालमा राजाहरूका दरवारमा ठूला ठूला भोजभतेर खुवाउँने चलन सामान्य थियो। आफ्नो महानता, यश, शक्ति, इज्जत, मोजमज्जा र अत्याधिक सम्पत्ति भएको देखाउन त्यसबेलाका राजा महाराजाहरूले ठूला भोजभतेर वा पार्टीहरू आयोजना गर्दथे। राजा बेलशजरले गरेको भोजभतेरको बारेमा हामीसँग बिस्तृत जानकारी नभएतापनि हामीलाई यो थाहा छ कि त्यो भोज त्यसबेला आयोजना गरिएको थियो जब मिड (मादी) र पर्सियाका सैनिकहरू बेबिलोनमा हमला गर्ने तरखरमा थिए। बेबिलोन र त्यहाँका जनताहरूलाई शत्रुले आक्रमण गर्लान् कि भन्ने कुरामा चिन्ता गर्नुपर्ने खास कारण नै थिएन। बेबिलोन सहर ठूला ठूला र अग्ला पर्खालहरूले घेरिएको थियो। त्यहाँ धेरै वर्षसम्मलाई पुग्ने खाने कुराहरूको सञ्चय गरिएको थियो। सहरको मुटुबाट नै युफ्रेटिस नदी बगेको हुनाले त्यहाँ खाने पानीको समस्या थिएन। त्यसैकारणले बेबिलोन सहरलाई बाहिर शत्रुहरूले घेरा हालिसक्दापनि तिनीहरूले आफ्नो सहर सुरक्षित नै भएको महसुस गरेर ठूलो राजकीय भोजको आयोजना गरिरहेका थिए। तर रक्सीले मातेर उत्पात भएका राजा र त्यसका सहभागिहरूमा त्यो भोज खाने उत्सब अति नै गिरेर बिलासितामा परिणत भइरहेको थियो। परमेश्वरको शक्तिको सामु मानवीय शेखी कति बेकारको रहेछ भनेर बताइएको त्यो गवाहीलाई अत्यन्तै प्रभावकारी मान्नुपर्छ। दानिएलले अन्तिम समयमा भएपनि राजालाई यो सत्य बताउँछन् "तपाईंको सास परमेश्वरको हातमा छ र उहाँलाई तपाईं चल्ने सबै बाटोहरू थाहा छ। हजुरले उहाँको महिमा गर्नुभएन" (दानिएल ५:२३ रूपान्तरित)।

"राष्ट्रहरूको इतिहासले हामीसँग अहिले बोलिरहेका छन्। प्रत्येक राष्ट्र र प्रत्येक व्यक्तिलाई परमेश्वरको बृहत योजनाभित्र काम गर्न नियुक्त गर्नुभएको छ। आज मानिसहरू र राष्ट्रहरूको घन्टी परमेश्वरको हातमा छ जसले कहिल्यै पनि भूल गर्नुहुन्न। सबै मानिसहरूले आफ्नो भविष्य आफ्नै आत्मनिर्णयकासाथ चुनिरहेका हुन्छन् र परमेश्वरको योजना अनुसार जे जे उपलब्धि हासिल हुनुपर्ने हो सो उहाँले नै निर्धारण गरिरहनु भएको छ।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस,* पृ. ५३६बाट रूपान्तरित

**चिन्तनमनन्:**

**अ. समाज, संस्कार, संस्कृति आदिको नाउँमा मानिसले परमेश्वरको सत्यलाई कसरी बेइज्जत, अनादर वा होच्याएर बिटुलो गरिरहेका छन्**

सो सोच्नुहोस्। परमेश्वरको नाउँलाई अपमान गर्ने खालका प्रवृत्तिहरूको सामना व्यक्तिगतरूपमा वा चर्चद्वारा कसरी सामना गर्ने?

आ. बेलशजरको कथाले मुक्ति भनेको हामीलाई के थाहा छ भन्ने कुरा भन्दा पनि हामीले थाहा पाएको सत्यप्रति हामी कसरी जवाफदेही भएका छौं भनेर खुलासा गर्नुलाई तपाईं के भन्नुहुन्छ? हेर्नुहोस् "तर उनका छोरा, हजूर बेलसजरले यी सबै कुरा जान्दाजान्दै पनि आफूलाई नम्र बनाउनुभएन।" (दानिएल ५:२२)।

इ. दानिएल ५:२३मा कुन अत्यन्तै महत्त्वपूर्ण आत्मिक नीतिहरू हाम्रो अघि तेर्स्याइएको छ? परमेश्वरसँग मुकाबिला नगर्नु, उहाँसँग प्रतिस्पर्धा नगर्नु र उहाँले पवित्र पार्नुभएका वस्तु वा जनहरूको विरुद्धमा नजानु भनेर सो पदले यसरी बताउँछ "बरु स्वर्गका परमप्रभुको विरुद्धमा आफैलाई खड़ा गर्नुभएको छ। हजूरले उहाँको मन्दिरबाट भाँड़ाहरू हजूरकहाँ ल्याउन लगाउनुभयो, र हजूर र हजूरका भारदारहरू, हजूरका श्रीमतीहरू र रखौटीहरूले तीबाट दाखमद्य पिउनुभयो। हजूरले चाँदी र सुनका, काँसाका, फलामका, काठ र ढुङ्गाका देवताहरूको प्रशंसा गर्नुभयो, जो न देख्छन् न सुन्छन् न बुझ्छन्। तर हजूरले यी परमेश्वरको आदर गर्नुभएन, जसको हातमा हजूरको जीवन र हजूरका मार्गहरू छन्।" यस पदले परमेश्वर सृष्टिकर्तामात्र होइन हाम्रो संभारकर्ता पनि हुनुहुन्छ भनेर हामीलाई कसरी सिकाउँछ?

ई. भित्तामा जे लेखिएको छ त्यसको बारे थाहा नपाएपनि बेबिलोनको सम्राट् डरले थुरथुर काँपेका थिए (दानिएल ५:६)। आफ्नो स्वविवेकले पहिल्याएको सत्यलाई मिचेर जीवन बिताउँदा के हुदोरहेछ भनेर उक्त पदले हामीलाई के सिकाइरहेको छ?

## कथा ६
## दाँतको डाक्टरभन्दा उत्तम
## म्याडलिन डाइच

ती महिला अत्यन्तै हँसिली भएर मसँग बोल्दै थिइन्। केही घन्टा अघि उनले आफू कति धेरै निराश थिएँ भनेर मलाई सुनाइरहेकी थिइन्। अमेरिकाको टेक्सास राज्यमा स्वास्थ्य शिबिर चलिरहेको कार्यक्रम पाथवे टु हेल्थ मेगा क्लिनिकमा सित्तैमा दाँत जचाउन नपाउदा आफू निराश भएको दुखेसो पनि पोखाउँदै थिइन्।

अमेरिकाको टेक्सास राज्यको फोर्ट वर्थमा विल रोजरस् मेमोरियल सेन्टरमा सेभेन्थ-डे एडभेन्टिस्टले ठूलो स्वास्थ्य सिबिरको आयोजना गरेको थियो। उक्त सिविर तीन दिनसम्म चलेको थियो। पहिलो दिनमै धेरै मानिसहरू स्वास्थ्य उपचार तथा अन्य सेवाहरूको निम्ति लाइनमा उभिएका थिए। त्यसमा ती महिला पनि थिइन्। जब उनी लाइनबाट अगाडि आइपुगिन् तब उनले थाहा पाइन् कि त्यो दिनमा दाँत जाँच्ने कार्यक्रम नै सकिएको रहेछ। तब उनी अत्यन्तै निराश भएर फर्कदै थिइन् एक जना स्वयंसेवकले उनलाई आँखा जाच्न जान अनुरोध गरिन्। त्यो पनि सितैमा। त्यसपछि उनीपनि हुन्छ भनेर त्यतैतिर लागिन्। ब्लड प्रेसर र अरू आवश्यक जाँचहरू गरिसकेपछि उनी आँखाको डाक्टरको अगाडि बसिन्।

ति जाँच्ने मानिसले उनको कागजमा हेरेर केही महत्त्वपूर्ण प्रश्नहरू गरे। उनमा केही कुराको कमजोरी भएको उक्त डाक्टरले थाहा पाएका थिए। त्यसकारण नजिकै रहेको अर्को डाक्टरसँग ती आँखाको डाक्टरले सल्लाह मागे। डाक्टरले जाँचेर उनलाई सोनोग्राम गर्न लगाए र उनमा हाइपोथाइराडिजम अर्थात थाइराइडको समस्या भएको कुरा वताए। डाक्टरले उनीसँग रोगको केही लक्षणहरू वारे सोधे। जस्तै अनावश्यक रूपमा थाक्ने, निराश हुने, रिस उठ्ने, रूघा लाग्दा छिटो निको नहुने र मोटो हुँदै जानु।

"हो, डाक्टर साहेब, यस्तो त मलाई छ वर्षदेखि भइरहेको छ!" ती महिलाले जवाफ दिइन्।

उनले धेरै डाक्टरहरू चहारेकी थिइन् तर कसैले पनि उनको रोग पत्ता लगाउन सकेका थिएनन्। उनको स्वास्थ्य बीमाले गर्दा सोनोग्राम र अरू

महंगो स्वास्थ्य परीक्षण गर्न सकेको थिएन। उनीसँग पैसा पनि थिएन र उनको स्वास्थ बीमाले केवल डाक्टरको फीमात्र तिर्न पुग्थ्यो।

जब मैले ती महिलालाई भेटें उनी पाथवे टु हेल्थ स्वास्थ्य सिबिरबाट फर्कदै थिइन्। त्यस कार्यक्रममा सहयोग गर्ने केही स्वयंसेवकहरूले उनलाई त्यस कार्यक्रमको सेवाकार्यप्रति संतुष्ट थिइन् कि थिइनन् भनेर उनलाई सोध्दा उनले आफ्नो अनुभव तिनीहरूलाई बताइरहेकी थिइन्। उनीप्रति मेरो सहानुभूति छ किनकि म पनि उनी जस्तै थाइराइडको बिमारले ग्रसित छु।

"मैले त म मर्छु भनेर केही महिना अघि मात्र सोचिरहेको थिएँ किनभने मलाई के भएको थियो सो मलाई थाहा थिएन। जब मैले औषधी खान थालें तब मलाई धेरै हलुका भयो। तपाईंले नियमित रूपमा औषधी खानुभयो भने तपाईंलाई धेरै सञ्चो हुनेछ" मैले उनलाई सुनाएँ।

"म त दाँत सफा गर्न आएको थिएँ। यदि दाँतको डाक्टरले जाँच्न पाएको भए मेरो खास समस्या कसैलाई पनि थाहा नै हुने थिएन। जुनरूपमा परमेश्वरले काम गर्नुभयो त्यो अचम्मको थियो" हाँस्दै उनले भनिन्।